# स्थानीय राजपत्र

शैलुङ गाउँपालिकाद्वारा प्रकाशित

खण्डः २) | संख्याः ०४ | २० असार, २०७५


## भाग–१

**शैलुङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय काटाकुटी दोलखा**
**प्रदेश नं. ३, नेपाल**

## शैलुङ गाउँपालिका दोलखाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०७५

**प्रस्तावना** : शैलुङ गाउँपालिकाको आर्थिक वर्ष २०७५/२०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम शैलुङ गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम **"आर्थिक ऐन, २०७५"** रहेको छ।

(२) यो ऐन २०७५ साल श्रावण १ गते देखि शैलुङ गाउँपालिका क्षेत्रमा लागु हुनेछ।

२. **सम्पति कर:**गाउँपालिका क्षेत्रभित्र अनुसुची (१) बमोजिम एकीकृत सम्पति कर/घरजग्गा कर लगाइने र असुल उपर गरिनेछ। एकीकृत सम्पत्ति करको हकमा संघीय तथा प्रदेश कानून स्वीकृत भै लागू भएमा सोही बमोजिम र उक्त कानूनहरुमा व्यवस्था नभएमा गाउँसभाको निर्णय बमोजिम हुनेछ।

३. **भुमी कर (मालपोत) :** गाउँपालिका क्षेत्रभित्र अनुसुची (२) बमोजिम भुमिकर (मालपोत) लगाइने र असुल उपर गरिनेछ।

४. **घर बहाल कर:** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा पुरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची ३ बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल गरिनेछ।

५. **व्यवसाय कर:** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसुची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरेबापत अनुसुची (५) बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ।

७. **सवारी साधन कर :** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसुची (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमेजिम हुनेछ।

८. **विज्ञापन कर**: गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसुची (७) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९. **मनोरञ्जन कर :** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसुची (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई कानुनमा अन्य व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१०. **बहाल बिटौरी शुल्क** : गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा

संचालन गरेका अनुसुची (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसुचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ।

११. **पार्किङ शुल्क :**गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए बापत अनुसुची (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ।

१२. **ट्राभल एजेन्सी, फनपार्क, ग्लाइडिङ, वाटर र्‍याफ्टीङ, ट्रेकिङ, बन्जी जम्पिङ्ग, घोडचढी, पदयात्रा सञ्चालन शुल्क :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफलायर र र्‍याफ्टिङ्ग सेवा वा व्यवसाय सञ्चालन गरेबापत अनुसुची (११) बमोजिमको शुल्क लगाइने र असुल उपर गरिनेछ।

१३. **सेवा शुल्क :** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसुची (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसुचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ।

१४. **पर्यटन प्रवेश शुल्क** : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसुची (१३) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमेजिम हुनेछ।

१५. **दर्ता, नविकरण तथा सिफारिश दस्तुर :** गाउँपालिकाले उपलब्ध गराउँने दर्ता, नविकरण सिफारिश दस्तुर तथा फोहोर मैला व्यवस्थापन शुल्क अनुसुची (१४) मा उल्लेख भए बमोजिमको दरमा असुल गरिनेछ।

१६. **घर नक्सापास तथा निर्माण शुल्क :** गाउँपालिका क्षेत्रमा घर निर्माण तथा नक्सापास सम्बन्धी शुल्क अनुसूची (१५) मा उल्लेखित दरमा असुल गरिनेछ।

१७. **विविध :** माथि उल्लेखित विषय बाहेक बालुवा, गिटी, रोडा, ढुङ्गा बिक्रि, जल विद्युत, खानीजन्य पदार्थमा अनुसुची (१६) मा उल्लेख भए बमोजिमको कर लगाईने छ। ब

१८. **वातावरण ताथा सामाजिक विकास शुल्क** : गाउँपालिका भित्र सञ्चालित जलविद्युत/लघु जलविद्युत आयोजना तथा अन्य आयोजनाहरुसँग प्राकृतिक स्रोत साधनको उपयोग गरेवापत वातावरण तथा सामाजिक विकास शुल्क कार्यपालिकाको निर्णय अनुसार असुल गरिनेछ।

१९. **कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

२०. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि:** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ।
**यस ऐनमा उल्लेख नभएका कर तथा दर्त शुल्क दर निर्धारण गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।**

प्रस्तावित कर, शुल्क, सेवा शुल्क, दस्तुर तथा महशुलका दरहरु अनुसूचीहरुमा उल्लेख गरिएका छन्।

## अनुसूची १

१. **घरधुरी कर :**
गाउँपालिका क्षेत्र भित्रका प्रत्येक पक्की तथा कच्ची घरहरुमा तपशिल बमोजिम घरधुरी कर लाग्नेछ।

| क्र.सं. | घरको प्रकार | इकाई | दस्तुर | कैफियत |
|---|---|---|---|---|
| | **कच्ची घर** | | | |
| १ | ढुङ्गा, माटो र काठको घर १ तला सम्म | गोता | २०० | |
| २ | ढुङ्गा, माटो र काठको घर १ तला भन्दा माथी | गोता | ५०० | |
| | **पक्की/ढलान घर** | | | |
| ३ | पक्की घर व्यवसायीक | वर्ग फीट | रु. ४ | |
| ४ | पक्की घर आवासिय | वर्ग फीट | रु. ३ | |

## अनुसूची २

२. **मालपोत (जग्गा तिरो) कर:**
गाउँपालिका क्षेत्र भित्रका जग्गाको तिरो प्रति रोपनी रु. ८/–

## अनुसूची ३

३. **घर बहाल कर :** कानूनमा उल्लेख भए बमोजिम हुनेछ।

## अनुसूची ४

४. **व्यवसाय कर :**

| क्र.सं | व्यवसायको नाम | दर | कैफियत |
|---|---|---|---|
| १ | **मदिरा (रक्सी) जन्य तथा सूर्तीजन्य व्यवसाय** | | |
| | क) थोक बिक्रेता | ४०००.०० | |
| | ख) खुद्रा बिक्रेता | २०००.०० | |
| २ | **इलेक्ट्रीक तथा इलेक्ट्रोनिक्स** | | |
| | क) थोक बिक्रेता | ४०००.०० | |
| | ख) खुद्रा बिक्रेता | २०००.०० | |
| ३ | **कपडा पसल** | | |
| | क)कपडा पसल (खुद्रा बिक्रेता) | १०००.०० | |
| | ख) फेन्सी कपडा (रेडिमेड) | १०००.०० | |
| ४ | **गहना (ज्वेलरी) पसल** | | |
| | क) सबै खाले गहना निर्माण तथा बिक्री गर्ने | ५०००.०० | |
| | ख) स-साना गहना निर्माण तथा बिक्री गर्ने | २०००.०० | |
| ५ | **हार्डवेयर एण्ड सप्लायर्स** | | |
| | क) थोक बिक्रेता | १००००.०० | |
| | ख) खुद्रा बिक्रेता | ५०००.०० | |
| ६ | **कम्प्युटर, टेलिभिजन, फोटोकपी ,विद्युत सामान, क्यामेरा, टेलिभिजन र रेडियो** | | |
| | क) थोक बिक्रेता | ३०००.०० | |
| | ख) खुद्रा बिक्रेता | १०००.०० | |
| ७. | **पेट्रोल/ डिजेल पम्प तथा ग्याँस** | | |
| | क) पेट्रोल र डिजेल पम्प | ८०००.०० | |
| | ख) ग्यास तथा मट्टितेल बिक्री गर्ने | ३०००.०० | |
| ८. | **दैनिक उपभोगका खाद्य पदार्थ (खाद्यान्न, तरकारी तथा फलफुल समेत)** | | |
| | क) थोक बिक्रेता | १०००.०० | |
| | ख) खुद्रा बिक्रेता | ७००.०० | |

| | | | |
|---|---|---|---|
| ९ | **पर्यटन, व्यवसाय, आवास, होटेल, रेष्टुरा, रिसोर्ट** | | |
| | क) ५० लाख भन्दा माथि पुँजी भएका | १५०००.०० | |
| | ख) २५ देखि ५० लाख सम्म पुँजी भएका | ८०००.०० | |
| | ग) १० देखि २५ लाख सम्म पुँजी भएका | ७०००.०० | |
| | घ) ५ देखि १० सम्म लाख सम्म पुँजी भएका | ३०००.०० | |
| | ङ) १ देखि ५ लाख सम्म पुँजी भएका | २०००.०० | |
| | च) १ लाख सम्म पुँजी भएका | १०००.०० | |
| १० | **कार्पेट** | | |
| | क) थोक बिक्रेता | २०००.०० | |
| | ख) खुद्रा बिक्रेता | १०००.०० | |
| ११ | **सेवा तथा उद्योग** | | |
| | क) परामर्श सेवा | २५००.०० | |
| | ख) फोटोग्राफी | २,०००.०० | |
| | ग) शीत भण्डार | ५,०००.०० | |
| १२ | **निर्माण तथा औद्योगिक सेवा** | | |
| | क) सडक, पुल तथा औद्योगिक,व्यापारिक एवं आवास कम्प्लेक्स आदि निर्माण गरी संचालन गर्ने उद्योग व्यवसायमा | १०,०००.०० | |
| १३. | **विशेष परामर्श तथा अन्य व्यवसायीक सेवा** | | |
| | क) इन्जिनियर | २,०००.०० | |
| | ख) कानुन व्यवसायी | २,०००.०० | |
| | ग) लेखा परिक्षक | २,०००.०० | |
| | घ) अनुसन्धानकर्ता तथा परामर्श दाता | २,५००.०० | |
| | ङ) कम्प्युटर एनालिष्ट तथा प्रोगामर | २,०००.०० | |
| | च) बीमा एजेन्ट | २,०००.०० | |
| | छ) सर्भेयर | २,०००.०० | |
| | ज) सामान ढुवानी कर्ता तथा कम्पनी | २,०००.०० | |
| | झ) संस्थागत पेन्टर | ३,०००.०० | |

| | | | |
|---|---|---|---|
| १४ | **सवारी साधन बिक्री केन्द्र** | | |
| | क) सवारी साधन विक्रेता | १०,०००.०० | |
| १५ | **उत्पादन मूलक उद्योग** | | |
| | क) कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गईरहेको माल सामानको वा अन्य माल सामान प्रयोग वा प्रशोधन गरी माल सामान उत्पादन गर्ने उद्योग | १०,०००.०० | |
| १६. | **कृषि तथा वन्यजन्य उद्योग** | | |
| | क) वन पैदावारमा आधारित उद्योग (उत्पादन गर्ने) | ५,०००.०० | |
| | ख) वन पैदावारमा आधारित व्यवसायमा | ३,०००.०० | |
| | ग) कृषिमा आधारित उद्योग व्यवसायमा | २,०००.०० | |
| १७. | **गाउँपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा** | | |
| | क) क श्रेणीको | १०,०००.०० | |
| | ख) ख श्रेणीको | ६,०००.०० | |
| | ग) ग श्रेणीको | ४,५००.०० | |
| | घ) श्रेणीको | ४,०००.०० | |
| १८. | **खनिज उद्योग** | | |
| | क) खनिज उत्खन वा प्रशोधन गर्ने उद्योग व्यवसायमा | १०,०००.०० | |
| १९. | **उर्जा मूलक उद्योग** | | |
| | क) जलश्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल, ग्याँस, बायोग्यास, अन्य श्रोतहरुबाट उर्जा पैदा गर्ने उद्योग व्यवसायमा | १०,०००.०० | |
| २०. | **स्वास्थ्य सेवा** | | |
| | क) गैर सरकारी अस्पताल | ७,०००.०० | |
| | ख) नर्सिङ होम | ६,०००.०० | |
| | ग) क्लिनिक तथा ल्याब | ५,०००.०० | |

| | | | |
|---|---|---|---|
| २१. | **सञ्चार सेवा** | | |
| | क) निजी क्षेत्रको हुलाक सेवा | १,०००.०० | |
| | ख) निजी क्षेत्रका टेलिफोन, फ्याक्स, फोटोकपी, मोवाइल फोन, STD, ISTD इमेल, इन्टरनेट, रेडियो पेजिङ आदि | २,०००.०० | |
| | ग) कुरियर सेवा | १,०००.०० | |
| २२ | **शिक्षा सेवा** | | |
| | क) निजी क्षेत्रका स्कूल | ७,०००.०० | |
| | ख) तालिम तथा अनुसन्धान केन्द्र | ६,०००.०० | |
| | ग) टाइपिङ, कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | ५,०००.०० | |
| २३ | **मर्मत सम्भार** | | |
| | क) हेवी इक्यूमेन्टस् बस, ट्रक, कार, मोटर साइकल, टेम्पो, साइकल आदि मर्मत कारखाना | ४,०००.०० | |
| | ख) रेडियो, टि.भि., घडी, प्रेशर कुकर, हिटर, टेलिफोन सेट , विद्युत सामाग्री मर्मत केन्द्र | २,०००.०० | |
| २४ | **वित्तिय सेवा** | | |
| | क) नेपाल सरकारको पुर्ण स्वामित्व रहेको बाहेक आर्थिक कारोवार गर्ने वाणिज्य बैंक | १०,०००.०० | |
| | ख) आर्थिक कारोवार समेत गर्ने वित्तीय कम्पनीको मुख्य कार्यालय | ८,०००.०० | |
| | ग) वित्तीय कम्पनीको शाखा कार्यालय | ३,०००.०० | |
| | घ) वीमा कम्पनी | ८,०००.०० | |
| | ङ) विदेशी मुद्रा सटही | ३,०००.०० | |
| | च) धितोपत्र कारोवार | ३,०००.०० | |
| | छ) सहकारी बैंक | ३,०००.०० | |
| २५ | **अन्य व्यवसाय** | | |
| | क) पार्क पिकनिक स्पट | १,०००.०० | |
| | ख) टुर अपरेटर | ४,०००.०० | |
| २६ | **अन्य सेवा** | | |
| | क) विज्ञापन सेवा | १५००.०० | |
| | ख) ब्यूटी पार्लर, केश सिंगार, ड्राई क्लिनर्स, फोटो स्टुडियो, सिलाई सेन्टर आदि | २,०००.०० | |
| | ग) साइन बोर्ड बनाउने पेन्टिङ्ग सेवा | २,०००.०० | |
| | घ) पशु वधशाला | ३,०००.०० | |

| | | | |
|---|---|---|---|
| | ङ) मासु बिक्रेता | २,०००.०० | |
| | च) फुल र विरुवा बिक्रेता | १,०००.०० | |
| | छ) खोटो व्यवसायी | २,०००.०० | |
| | ज) सिसा प्लाइउड बिक्रेता | ४,०००.०० | |
| | झ) भाँडाकुँडा बिक्रेता | २,०००.०० | |
| | ञ) स्टिल, काठ, फर्निचर बिक्रेता | २,०००.०० | |
| | ट) खेलौना, उपहार (गिफ्ट) बिक्रेता | १,०००.०० | |

क) माथी उल्लेख भएको व्यवसायहरुमा सोही अनुसार र नभएको हकमा राजश्व परामर्श समितिको सिफारिसमा गाउँपालिकाको बोर्ड बैठकबाट निर्णय गरी कर निर्धारण गरिने छ ।

ख) कुनै एक व्यवसायको इजाजत लिई अन्य व्यवसाय समेत थप गरी व्यवसाय सञ्चालन गरेको हकमा माथि उल्लेखित दरको प्रत्येक व्यवसायमा ४० % ले हुने रकम थप व्यवसाय कर लिने ।

ग) चालु आ.व. भित्र असुल नभई अर्को आ.व. भित्र असुल गर्दा २०% प्रतिशत थप विलम्व शुल्क सहित असुल गरिनेछ । चालु आ.ब. अगाबै कुनै लाग्ने शुल्क वा कर अग्रिम भुक्तानी गरेमा ५ प्रतिशत छुट दिने ।

## अनुसूची ५

**५. जडिबुटी, कवाडी र जीवजन्तु सम्बन्धी कर :**

**क) जडिबुटी, नेपाली कागज, काठ, दाउरा, बाँस र अन्य वस्तुको निकासी करको दर**

| क्र.सं. | विवरण | इकाई | प्रति इकाई दर रु | कैफियत |
|---|---|---|---|---|
| १ | मजिठो | केजी | २.०० | |
| २ | ओखरफलको बोक्रा | केजी | २.०० | |
| ३ | ओखर काण्ड | केजी | १०.०० | |
| ४ | चिराइतो | केजी | २.५० | |
| ५ | चुत्रोको बोक्रा | केजी | १.२५ | |
| ६ | कुरिलाको जरा | केजी | १.५० | |
| ७ | सुगन्धवाल | केजी | ४.०० | |
| ८ | अल्लो | केजी | २.०० | |
| ९ | झयाउ | केजी | ७.०० | |
| १० | अर्गेली | केजी | ४.०० | |
| ११ | पाखनवेत | केजी | १.५० | |
| १२ | लोक्ता | केजी | ६.०० | |
| १३ | ठिग्रें सल्लाको सिम्टा | केजी | ३.०० | |
| १४ | धसिंगरेतेल | केजी | ५०.०० | |
| १५ | अम्रिसो | केजी | १.०० | |
| १६ | जटामसी | केजी | ५.०० | |
| १७ | तेजपात | केजी | १.०० | |
| १८ | गोब्रे सल्लाको सिम्टा | केजी | १.०० | |
| १९ | खोल्मे | केजी | १.०० | |
| २० | नागबेली पाउडर | केजी | १६.०० | |
| २१ | खोटो | केजी | ५०० | |
| २२ | गोब्रे सल्लाको पातको तेल | केजी | ५०.०० | |
| २३ | भिरमह | केजी | ५०.०० | |
| २४ | सतुवा | केजी | ५०.०० | |
| २५ | धुपीपात | केजी | ०.५० | |
| २६ | नागबेली | केजी | ५.०० | |
| २७ | काउलोको बोक्रा | केजी | २.०० | |
| २८ | अन्य सुगन्धित तेल | केजी | ५०.०० | |
| २९ | साधारण च्याउ | केजी | २.०० | |
| ३० | इन्द्रेयिनीको बियाँ | केजी | २.०० | |
| ३१ | नेपाली कागज | कोरी | १०.०० | |
| ३२ | सल्लो (गोलिया) | क्यु.फि | ८.०० | |

| क्र.सं. | विवरण | इकाई | प्रति इकाई दर रु | कैफियत |
|---|---|---|---|---|
| ३३ | सल्लो (चिरान) | क्यु.फि | १०.०० | |
| ३४ | उत्तिस (गोलिया) | क्यु.फि | ६.०० | |
| ३५ | उत्तिस (चिरान) | क्यु.फि | ७.०० | |
| ३६ | अन्य काठ (गोलिया) | क्यु.फि | ५.०० | |
| ३७ | अन्य काठ (चिरान) | क्यु.फि | ६.०० | |
| ३८ | भेनियर पत्ता (ट्याक्टर) | ट्रिप | ५००.०० | |
| ३९ | भेनियर पत्ता (मिनी ट्रक) | ट्रिप | ७००.०० | |
| ४० | भेनियर पत्ता (ट्रक) | ट्रिप | १०००.०० | |
| ४१ | भेनियर पत्ता (भ्यान ट्रक) | ट्रिप | १२००.०० | |
| ४२ | भेनियर पत्ता (ट्रक) | ट्रिप | २००.०० | |
| ४३ | दाउरा (ट्याक्टर) | ट्रिप | २५.०० | |
| ४४ | दाउरा (मिनी ट्रक) | ट्रिप | ५०.०० | |
| ४५ | दाउरा (भ्यान ट्रक) | ट्रिप | १००.०० | |
| ४६ | मजिठो | ट्रिप | २५.०० | |
| ४७ | काठको भुस (मिनी ट्रक) | ट्रिप | ५०.०० | |
| ४८ | काठको भुस (भ्यान ट्रक) | ट्रिप | १००.०० | |
| ४९ | बाँस | गोटा | १.०० | |
| ५० | बन लसुन | केजी | १००.०० | |
| ५१ | हाडे लसुन | केजी | ०.२५ | |
| ५२ | कुरीलो | केजी | २.०० | |
| ५३ | कोइला | केजी | ५.०० | |
| ५४ | बुकीफुल | केजी | ०.२५ | |
| ५५ | बुकीफुलको तेल | केजी | २००.०० | |
| ५६ | अविजाला | केजी | ५.०० | |
| ५७ | निगाला | गोटा | ०.१० | |
| ५८ | अलैंची | केजी | १०.०० | |
| ५९ | लोठ सल्लाको पात | केजी | ५.०० | |
| ६० | लप्सी | केजी | ०.५० | |
| ६१ | पानी अमला | केजी | ५.०० | |
| ६२ | शैलुङ गाउँपालिका भित्र उत्पादन भै निकासी हुने माथि उल्लेखित बाहेक अन्य बस्तुहरुको हकमा गाउँपालिको निर्णय बमोजिम हुनेछ । | | | |

**ख) प्रचलित कानुनले निषेध गरे बाहेकको मरेका वा मारिएका पञ्छीको प्वाँख र पशुको हाड,छाला,सिंङ्ग र खुर निकासी करको दर**

| क्र.सं. | विवरण | इकाई | प्रति इकाई दर रु | कैफियत |
|---|---|---|---|---|
| १ | प्वाँख | केजी | ३ | |
| २ | हाड | केजी | २ | |
| ३ | सिङ्ग | केजी | ३ | |
| ४ | खुर | केजी | ३ | |
| ५ | छाला ठुलो | गोटा | ५० | |
| ६ | छाला सानो | गोटा | २५ | |

**ग) कृषि, पशु तथा पशुजन्य वस्तुको निकासी करको दर :**

| क्र.सं. | विवरण | इकाई | प्रति इकाई दर रु | कैफियत |
|---|---|---|---|---|
| १ | भैसी जात (भैसी,राँगा आदि) | गोटा | १००.०० | |
| २ | गाई जात (गाई,गोरु आदि) | गोटा | ५०.०० | |
| ३ | भेडा,बाखा,बंगुरजात(भेडा,बाखा,बंगुरआदि) | गोटा | ५०.०० | |
| ४ | कुखुरा/कुखुराकोजात(मिनीट्रक/टयाक्टर) | ट्रिप | ५००.०० | |
| ५ | कुखुरा/कुखुराको जात (ठुलो ट्रक) | ट्रिप | ८००.०० | |
| ६ | अण्डा(सातक्रेटबराबरएक बाकस) | बाकस | ५.०० | |
| ७ | आलु | के.जी. | ०.५० | |
| ८ | गोलभेडा,काउली, (ठुलो ट्रक) | ट्रिप | १०००.०० | |
| ९ | बन्दा,साग (ठुलो ट्रक) | ट्रिप | ५००.०० | |
| १० | बन्दा,साग (ठुलो ट्रक) | ट्रिप | ५००.०० | |
| ११ | बन्दा,साग (मिनी ट्रक/टयाक्टर) | ट्रिप | ३००.०० | |
| १२ | लसुन,वेसार,अदुवा,(ठुलो ट्रक) | ट्रिप | १०००.०० | |
| १३ | लसुन,वेसार,अदुवा,(मिनी ट्रक/टयाक्टर) | ट्रिप | ५००.०० | |

## अनुसूची ६

**६. सवारी कर :**

केन्द्र वा प्रदेशमा सवारी साधन दर्ता तथा अनुमति लिएका सबै प्रकारका सवारी साधनहरु शैलुङ गाउँपालिका क्षेत्र भित्र नियमित रुपमा सञ्चालन गर्दा गाउँपालिकामा अनिवार्य अभिलेखिकरण गरी सञ्चालन को अनुमति लिनु पर्नेछ । गाउँपालिकाबाट अनुमति लिएका सवारी साधनले निम्नानुसार वार्षिक शुल्क बुझाउनु पर्नेछ ।

| क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | बस, ट्रक, लरी र अन्य हेभी गाडी | १०००.०० | |
| २ | भाडाका ट्रयाक्टर कार जीप | ५००.०० | |
| ३ | भाडाको मिनिवस | ७००.०० | |
| ४ | नीजि कार, मिनीबस | ५००.०० | |
| ५ | स्कुटर, मोटरसाइकल तथा अन्य सवारी साधन | २००.०० | |

गाउँपालिकामा दर्ता नभएका कुनैपनि सवारी साधनको दुर्घटना, बीमा वा अन्य किसिमको सिफारिश लिँदा माथि उल्लेखित सवारी साधन दर्ता शुल्कको दोब्बर शुल्क लिई सिफारिश प्रदान गरिनेछ ।

## अनुसूची ७

**७. होडिङ वोर्ड सेवा शुल्क निम्नानुसार लगाईने छ :**

क) होडिङ बोर्ड प्रति वर्ग फिट रु. ५०/-

ख) अन्य वस्तुको विज्ञापनमा प्रति वर्ग फिट रु. ५०/-

ग) सार्वजनिक स्थानमा आफ्नो व्यापार व्यवसायको परिचयको लागि व्यानर टाँगेमा प्रति मिटर ७ दिन सम्म रु ७/- सो पछि प्रतिदिन थप रु. ५/-

घ) १ मीटर र १ वर्ग फिट सम्मको विज्ञापन १ महिना सम्मको प्रतिदिन रु १/- र सो भन्दा वढि राख्नु परेमा प्रतिदिन रु. २/-

ङ) आफ्नो व्यवसाय परिचयको लागि १५ स्क्वायर फिट सम्म १ थान वोर्ड व्यवसायीले आफ्नो पसल वा व्यवसाय रहेको भित्ता पर्खाल वा अगाडिको भागमा राख्न पाउने छन् र १ थान भन्दा धेरै वोर्ड राख्नु परेमा माथिको दररेटमा सम्बन्धित व्यवसायीले विज्ञापन कर वापत बुझाउनु पर्नेछ ।

च) प्रचलित कानूनले विज्ञापन गर्न निषेध गरेका व्यवसायसँग सम्बन्धित होडिङ राख्न वा भित्तामा विज्ञापन राख्न पाईने छैन

## अनुसूची ८

**८. मनोरञ्जन कर :**

क) सिनेमाहल वा भिडियो हलहरुमा प्रवेश शुल्कको ३ % का दरले मनोरञ्जन कर असुल गरिनेछ । चालु आ.व. भित्र असुल नभए अर्को वर्ष ५ % थप गरी असुल गरिनेछ ।

## अनुसूची ९

**९. बहाल बिटौरी शुल्क :**

क) गाउँपालिका क्षेत्रभित्रमा निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट बजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटो छेउमा अस्थायी पसल वा व्यवसाय गर्न दिए वापत प्रति वर्गफिट मासिक रु. ३/- बहाल बिटौरी कर असुल गरिने छ।

## अनुसूचि १०

**१०. पार्किङ शुल्क :**

क) मोटरसाईकलको लागि पहिलो २ घण्टाको लागि रु ५/- र सो भन्दा बढिको लागि रु १० /-

ख) हलुका सवारी साधनको लागि पहिलो २ घण्टाको लागि रु. १०/- र सो भन्दा बढिको लागि रु. २०/-

ग) ट्रयाक्टरको लागि पहिलो २ घण्टाको लागि रु. १५/- र सो भन्दा वढिको लागि रु. २५/-

घ) हेभि सवारी साधनको लागि पहिलो २ घण्टाको लागि रु २५/- र सो भन्दा वढिको लागि रु. ४०/-

## अनुसूची ११

**११. गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्राभल एजेन्सी, फनपार्क, ग्लाइडिङ, वाटर ऱ्याफ्टीङ, ट्रेकिङ, बन्जी जम्पिङ्ग, पदयात्रा, घोडचढी आदि जस्ता व्यवसाय सञ्चालनमा तपशिल बमोजिम शुल्क लाग्नेछ।**

| ट्राभल्स, टुर्स एण्ड मनोरञ्जन | आ.व.२०७५।०७६को रु. |
|---|---|
| क) ट्राभल एजेन्सी, ग्लाइडिङ, वाटर ऱ्याफ्टीङ, ट्रेकिङ, आदि जस्ता व्यवसायमा। | १०,०००.०० |
| ख) फनपार्क, पदयात्रा, घोडचढी आदि। | ७,०००.०० |

## अनुसूची १२

**१२. विभिन्न प्रकारका सिफारिस दस्तुर तथा शुल्क :**

**वडशाले गर्ने सिफारिसमा लाग्ने कर/दस्तुर/शुल्क :**

| क्र.सं. | विवरण | रकम (रु) | कैफियत |
|---|---|---|---|
| १ | घर जग्गा, नामसारी सिफारिस | २००/- | |
| २ | मोही लगत कट्टा सिफारिस | ५००/- | |
| ३ | घर कायम सिफारिस | १००/- | |
| ४ | छात्रवृत्ति सिफारिस | १००/- | |
| ५ | विपन्न विद्यार्थी छात्रवृत्ति सिफारिस | ५०/- | |

| क्र.सं. | विवरण | रकम (रु) | कैफियत |
|---|---|---|---|
| ६ | अपाङ्ग सिफारिस | ५००/- | |
| ७ | अस्थाई बसोबास सिफारिस | ५००/- | |
| ८ | स्थायी बसोबास सिफारिस | २००/- | |
| ९ | नागरिकता प्रतिलिपि सिफारिस | २००/- | |
| १० | अंगिकृत नागरिकता सिफारिस | ५००/- | |
| ११ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | ५००/- | |
| १२ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | ५०/- | |
| १३ | विद्युत जडान सिफारिस | १०० /- | |
| १४ | धारा जडान सिफारिस | १०० /- | |
| १५ | जिवित रहेका सिफारिस | ३०० /- | |
| १६ | दुवै नाम गरेको एकै व्यक्ति हो भन्ने सिफारिस/ फरक जन्ममिति संशोधन सिफारिस | १०० /- | |
| १७ | जग्गा मूल्याङ्कन सिफारिस/प्रमाणित | ०.१% | |
| १८ | व्यवसाय वन्द सिफारिस | १००/- | |
| १९ | व्यवसाय संचालन नभएको सिफारिस | ५००/- | |
| २० | व्यापार व्यवसाय नभएको सिफारिस | १०० /- | |
| २१ | कोर्ट फि मिनाहा सिफारिस | निशुल्क | |
| २२ | नावालक परिचयपत्र सिफारिस | २०० /- | |
| २३ | चौपाय सम्बन्धी सिफारिस | ५०/- | |
| २४ | व्यवसाय दर्ता सिफारिस | १,००० /- | |
| २५ | उद्योग ठाउँ सारी सिफारिस | १,०००/- | |
| २६ | विद्यालय ठाउँ सारी सिफारिस | ५०० /- | |
| २७ | विद्यालय संचालन स्वीकृति/कक्षा बृद्धि सिफारिस | ५००/- | |
| २८ | व्यक्तिगत विवरण सिफारिस | १००/- | |
| २९ | जग्गा दर्ता सिफारिस | १००/- | |
| ३० | संरक्षक सिफारिस (व्यक्तिगत) | १००/- | |
| ३१ | संरक्षक सिफारिस (संस्थागत) | २००/- | |
| ३२ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | २००/- | |
| ३३ | जिवित सँगको नाता प्रमाणित | २००/- | |
| ३४ | मृतक सँगको नाता प्रमाणित | १००/- | |
| ३५ | कोठा खोल्न कार्य/रोहबरमा बस्ने कार्य | ५०० /- | |
| ३६ | निशुल्क वा स-शुल्क स्वास्थ्य उपचार सिफारिश | १००/- | |

| क्र.सं. | विवरण | रकम (रु) | कैफियत |
|---|---|---|---|
| ३७ | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउने कार्य | २००/- | |
| ३८ | संस्था दर्ता सिफारिस | २००/- | |
| ३९ | घर बाटो प्रमाणित | २००/- | |
| ४० | चार किल्ला प्रमाणित | २००/- | |
| ४१ | जन्म मिति प्रमाणित | २००/- | |
| ४२ | विवाह प्रमाणित | ५०/- | |
| ४३ | घर पाताल प्रमाणित | २००/- | |
| ४४ | कागज/मन्जुरी नामा प्रमाणित | ५०/- | |
| ४५ | हकवाला वा हकदार प्रमाणित | ५००/- | |
| ४६ | अविवाहित प्रमाणित | ५००/- | |
| ४७ | जग्गा रेखाङ्कनको कार्य/सो कार्यमा रोहबर | ५००/- | |
| ४८ | जग्गा धनीपुर्जा हराएको सिफारिस | २०० /- | |
| ४९ | पुर्जामा घर कायम गर्ने सिफारिस | १०० /- | |
| ५० | अंग्रेजी सिफारिस तथा प्रमाणित | २००/- | |
| ५१ | मिलापत्र कागज /उजुरी दर्ता | १०० /- | |
| ५२ | सम्पत्ति प्रमाणित सिफारिश | ०.१ % | |
| ५३ | बहाल कर | ५% | |
| ५४ | विज्ञापन कर | १५% | |
| ५५ | मालपोत भुमी कर प्रतिरोपनी | ८/- | |
| ५६ | नयाँ व्यवसाय दर्ता . | १००० | |
| ५७ | व्यवसाय नविकरण कारोबारको आधारमा | १ % | |
| ५८ | वार्षिक आय प्रमाणित | ०.१ % | |
| ५९ | उल्लेखित बाहेक अन्य स्थानीय आवश्यक्ता अनुसार सिफारिस/प्रमाणितहरू | १०० /- | |

जन्म दर्ता, मृत्यु दर्ता, बसाई सराई जाने/आउने दर्ता, सम्बन्ध विच्छेद दर्ता, विवाह दर्तामा भने जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता) ऐन, २०३३ बमोजिम हुनेछ भने घटना घटेको ३५ दिन नाघी आएको सिफारीशको लागि दस्तुर रु ५० लाग्नेछ ।

## अनुसूची १३

**१३. पर्यटन शुल्क : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पर्यटकीय स्थानमा प्रवेश गर्नको लागि तपशील बमोजिमको शुल्क लाग्नेछ ।**

| क्र.सं. | विवरण | शुल्क रु. |
|---|---|---|
| १ | आन्तरिक (गाउँपालिका भित्रको व्यक्ति) | २०/– |
| २ | आन्तरिक (गाउँपालिका बाहेक दोलखा र रामेछाप जिल्लाका व्यक्ति) | ३०/– |
| ३ | आन्तरिक (अन्य नेपाली नागरिक) | ५०/– |
| ४ | वाह्य (विदेशी नागरिक) | **१००/–** |

विद्यार्थी, बालबालिका, जेष्ठ नागरिक र धार्मीक पर्यटक हो भन्ने परिचय खुलेमा पचास प्रतिशत रकम छुट हुनेछ । साथै यस्ता क्षेत्रमा फोहोरमैला गरेमा तथा अन्य कानूनद्वारा अवैध भनिएका कार्यहरु गरेमा रु.५००/– सम्म दण्ड जरिवाना गर्न सकिने छ ।

## अनुसुची १४

**१४. गाउँ कार्यपालिकाले असुल गर्ने दर्ता, नविकरण तथा सिफारिस दस्तुरको दर :**

| क्र.सं. | विवरण | इकाई | प्रति इकाई दर रु | कैफियत |
|---|---|---|---|---|
| १ | गैर सरकारी संघ संस्था दर्ता सिफारिस दस्तुर | सिफारिस | २,०००.०० | |
| २ | रु.१ लाख भन्दा कम आर्थिक कारोबार गर्ने को लागि नविकरण दस्तुर | सिफारिस | ५००.०० | |
| ३ | रु. १ लाख देखी रु.५ लाख भन्दा कम आर्थिक कारोबार गर्नेको लागि नविकरण दस्तुर | सिफारिस | ७००.०० | |
| ४ | रु.५ लाख देखी रु. १० लाख भन्दा कम आर्थिक कारोबार गर्नेको लागि नविकरण दस्तुर | सिफारिस | १,०००.०० | |
| ५ | रु.१० लाख आर्थिक कारोबार गर्नेको लागि नविकरण दस्तुर | सिफारिस | १,५००.०० | |
| ६ | रु.१० लाख भन्दा माथी आर्थिक कारोबार प्रतिलाख थप नविकरण दस्तुर | सिफारिस | २५ | |
| ७ | प्रकोप व्यवस्थापन विशेष कोष दस्तुर : गैरसरकारी संस्थाहरुको कारोबार(प्राप्ती) अङको ०.१ प्रतिशत वा न्युनतम रु.२०/-मध्ये जुन बढी हुन्छ सोही रकम बराबरको दस्तुर | | | |
| ८ | खानेपानी मुहान दर्ता दस्तुर | सिफारिस | १,०००.०० | |

| क्र.सं. | विवरण | इकाई | प्रति इकाई दर रु | कैफियत |
|---|---|---|---|---|
| ९ | सिंचाई मुहान दर्ता दस्तुर | सिफारिस | १,०००.०० | |
| १० | खानेपानी र सिंचाई उपभोक्ता समिति नविकरण | सिफारिस | ५००.०० | |
| ११ | व्यक्तिगत घटना दर्ता(पंजीकरण) त्रुटी/गल्ती सच्याउने/सच्याउन सिफारिस गर्ने दस्तुर | सिफारिस | १००.०० | |
| १२ | विभिन्न संघ संस्था वा समितिहरुलाई योजना /आयोजना/कार्यक्रम आदिको मागको लागि विभिन्न विदेशी निकायहरु तथा दात्रृ निकायहरुमा सिफारिस दस्तुर | सिफारिस | २००.०० | |
| १३ | विभिन्न संघ संस्था वा समितिहरुलाई योजना/आयोजना/कार्यक्रम आदिको मागको लागि विभिन्न विदेशी निकायहरु तथा दात्रृ निकायहरुमा सिफारिस दस्तुर | सिफारिस | १,०००.०० | |
| १४ | कुनै विज्ञ/पेशागत कार्य/अध्ययन अनुसन्धान कार्य गर्न अनुमति वा सिफारिस दस्तुर | सिफारिस | १,०००.०० | |
| १५ | लघु जलविद्युत आयोजना(२ मेघावट सम्म)को सर्वेक्षण अनुमती/सिफारिस दस्तुर | सिफारिस | १,०००.०० | |
| १६ | लघु जलविद्युत आयोजना (२ मेघावट भन्दा माथी) को निर्माण अनुमती/सिफारिस दस्तुर | सिफारिस | ५,०००.०० | |
| १७ | जलबिद्युत आयोजना १० मेघावट भन्दा माथि सर्वेक्षण अनुमति सिफारिस दस्तुर | सिफारिस | ५००.०० | |
| १८ | घ.श्रेणीको निर्माण व्यवसायीको कम्पनीमा दर्ता गर्न सिफारिस दस्तुर | सिफारिस | कानून बमोजिम | |
| १९ | घ वर्गको इजाजतपत्र प्रदान | प्रति इजाजत | १०,००० /- | |
| २० | घ वर्गको इजाजतपत्र नविकरण | प्रति इजाजत | ३,०००/- | |
| २१ | घ वर्गको इजाजतपत्र प्रतिलिपी | प्रति इजाजत | ५,०००/- | |

**१५. फोहरमैला व्यवस्थापन सेवा शुल्क (मासिक) निम्नानुसार लगाईने छ :**

क) आवासीय घर ३ तल्ला सम्म रु. ५०/-
ख) ३ तल्ला भन्दा माथि रु. १००/-
ग) पसल सटर भए प्रति पसल थप रु. १००/-
घ) सामान्य प्रकृतिका होटल, रेष्टुरेन्ट थप रु. १५० /-
ङ) ठुला प्रकृतिका होटल लज रु. ५००/-
च) हस्पिटल रु. १,५००/-
छ) अन्य संघ संस्था रु. ५००/-
ज) अन्यको हकमा तथा सेवा शुल्क निर्धारणमा कठिनाई उत्पन्न भएमा व्यवसायको प्रकृति हेरी गाउँपालिकाको निर्णय वमोजिम हुनेछ ।

## अनुसुची १५

**१६. घर निर्माण तथा नक्सापास दस्तुर दर :**

| क्र.सं. | विवरण | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | आर सि सि ढलान भवन आवसिय | प्रति वर्ग फिट | रु. ४/– | |
| २ | आर सि सि ढलान भवन व्यवसायिक | प्रति वर्ग फिट | रु. ६/– | |
| ३ | गह्रो वाला घर | प्रति वर्ग फिट | रु. ३/– | |
| ४ | बैकल्पिक सामाग्री प्रयोग गरी निर्माण गरिएको घर | प्रति वर्ग फिट | रु. ३/– | |

नक्सापस नगरी घर निर्माण गरी निर्माण सम्पन्न लिन आएका वा घर निर्माणको लागि नक्सापास गरे बमोजिम भन्दा फरक संरचना बनाएमा तोकिएको दरमा जम्मा हुन आउने रकमको सत प्रतिशत जरिवाना गरिनेछ

## अनुसूची १६

**१७. विविध**

**१. बालुवा, गिट्टी, रोडा, ढुंगा बिक्री दर ।**

| क्र.सं. | विवरण | इकाई | प्रति इकाई दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | बालुवा,गिट्टी,रोडा,ढुंगा,ग्राभेल तथा लोहोरे ढुंगा (गाउँपालिका भित्रको प्रयोग) | घन मिटर | १०० | मु.अ.क. बाहेक |
| २ | बालुवा,गिट्टी,रोडा,ढुंगा,ग्राभेल तथा लोहोरेढुंगा (गाउँपालिकाबाट निकासी) | घन मिटर | २०० | मु.अ.क. बाहेक |

**२. खानी जन्य पदार्थ निकासी करको दर :**

| क्र.सं. | विवरण | इकाई | प्रति इकाई दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | खरिढुङ्गा | मेट्रिक टन | ६०.०० | |
| २ | म्यागनेसाइट ढुङ्गा | मेट्रिक टन | ५०.०० | |
| ३ | भुइमा बिछ्याउने चप्लेटी ढुङ्गा | मेट्रिक टन | २.०० | |
| ४ | छाना छाउने स्लेट ढुङ्गा | मेट्रिक टन | २.०० | |

**प्रमाणिकरण मिति : १२ असार, २०७५**

**आज्ञाले,**
**रमेश विश्वकर्मा (सुनार)**
**प्रमुख प्रशासकीय अधिकृत**